जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए ढुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ६४ • २०८२ पुस ११ गते शुक्रवार • 26 Dec. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

## महोत्तरीका १५ वटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूलाई तयारी अवस्थामा बस्न निर्देशन

**जलेश्वरटुडे समाचारदाता**
**जलेश्वर, १० पुस**



विपत् व्यवस्थापन समिति महोत्तरीका अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले महोत्तरीका १५ वटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूलाई तयारी अवस्थामा बस्न निर्देशन दिनुभएको छ।

बुधबार प्रजिअ यादवले १० नगरपालिका र पाँच गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जिल्ला प्रशासन कार्यालय महोत्तरीमा बोलाई आकस्मिक बैठक बसेर सर्वसाधारणलाई बढ्दो शीतलहर र चिसोबाट जोगाउन तयारी अवस्थामा रहन निर्देशन दिनुभएको हो। प्रमुख जिल्ला अधिकारी यादवले स्थानीय सरकार सर्वसाधारणको सबैभन्दा बढी पहुँच भएको सरकारको पहिलो निकाय भएकाले उनीहरूको जिउज्यानको सुरक्षाका लागि अहिलेसम्म गरेको तयारी सन्दर्भमा जानकारी लिनुका साथै दातृ निकायलाई पनि शीतलहर र चिसोबाट जोगाउन तयार रहन निर्देशन दिनुभएको हो। जिल्ला वन कार्यालय महोत्तरीमा दाउराको मौज्दात पर्याप्त रहेकाले स्थानीय तहले आवश्यकता अनुसार वन कार्यालयबाट तोकेको दररेट अनुसार रकम तिरी तत्काल जिल्लाभरि नै आगो ताप्ने व्यवस्था मिलाउन आग्रहसमेत गर्नुभएको छ। यसका साथै वडाध्यक्षका माध्यमबाट वास्तविक पीडितको एकिन गरी सहयोगको व्यवस्था मिलाउन पनि बैठकमा निर्देशन दिइएको थियो। अहिले वितरणमुखी कार्यक्रम गर्न सरकारले रोक लगाए पनि एक सातादेखि चिसो ह्वात्तै बढेकाले राहतस्वरूप कम्बल, न्यानो कपडा र आगो ताप्ने व्यवस्था मिलाउन सरोकारवाला निकायलाई आग्रह गरिएको उहाँले बताउनुभयो। यसका साथै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई पनि चिसोबाट सर्वसाधारणलाई जोगाउन आआफ्ना स्तरबाट पहल गर्न निर्देशन दिइएको हो। साथै महोत्तरीलगायत तराई मधेशमा अहिले बाक्लो हुस्सुका कारण सवारी दुर्घटना हुन सक्ने अवस्थाको आकलन गरी तत्काललाई ट्राफिक प्रहरीसँग समन्वय गरी सडकमा हुस्सुमा पनि बाटो देखिने गरी सङ्केत, रिफ्लेक्टर लाइट र स्टिकरको व्यवस्था मिलाउन स्थानीय निकायलाई सहयोग गर्न भनिएको छ। साथै चिसोका कारण सर्वसाधारण बिरामी पर्ने भएकाले तत्काल औषधी उपचारका लागि स्वास्थ्य चौकीदेखि अस्पतालसम्म तदारुकताका साथ काम गर्न/गराउन व्यवस्था मिलाउन समेत आग्रह गरिएको छ।

## मिथिला बिहारीमा बालिका सम्मेलन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १० पुस**



बालविवाह मुक्त पालिका घोषणा गर्ने उद्येश्यले बिहीबार धनुषाको मिथिला बिहारी नगरपालिकामा बालिका सम्मेलन आयोजना गरिएको छ।

लाइफ नेपालले आयोजना गरेको पालिकास्तरीय बालिका सम्मेलनमा जनप्रतिनिधिहरुले बालविवाह मुक्त नगरपालिका घोषणा अभियानमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। गर्ल्स च्याम्पियनहरूको नेतृत्वद्वारा संचालित बालिका सम्मेलनले बालिकाहरूको आवाज समुदाय रूपान्तरणको लागि महत्वपूर्ण साबित हुने तर्क गरिएको थियो। मिथिला बिहारी नगरपालिकाका नगर प्रमुख राजेन्द्र प्रसाद यादव, उपप्रमुख शोभा देवी साह र प्रमुख कार्यकारी अधिकृत उपेन्द्र न्यौपानेले अभियानमा सामूहिक प्रतिबद्धता जनाउँदै पालिका घोषणा पत्रमा हस्ताक्षर गरेका छन्। बालिका सशक्तिकरण गर्दै बालविवाह अन्त्य गर्ने प्रतिबद्धता नगर प्रमुख यादवले जनाएका थिए। किशोरी प्रिती मण्डलको अध्यक्षतामा भएको बालिका सम्मेलनले नगरपालिकालाई बालविवाह मुक्त क्षेत्र घोषणा गर्ने

**बांकी पृष्ठ ४ मा।**




अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी,मधेश प्रदेश




अनुरोधकर्ता
स्वास्थ्य कार्यालय महोत्तरी
मधेश प्रदेश

**इन्फ्लुइन्जा (फ्लु) बाट सुरक्षित रहौं।**

**इन्फ्लुइन्जा (फ्लू) बाट बच्न :**
- नियमित रुपमा साबुन पानीले हात धुने गरौं।
- खोक्दा वा हाच्छ्युँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं।
- जाडोमा टाउँको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं।
- भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं।
- फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुख्ने, थकान) देखिए सावधानी अपनाऔं।
- सफा, ताजा र पोषिलो खाना खाऔं।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं।

**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड




# नयाँ परिवर्तनले जनताको भरोसा जितुन

*संसारका हरेक समाजमा शक्तिशाली र कमजोर दुवै किसिमका मानिस रहेको देखिन्छ। संसार भर नै हरेक शक्तिशालीले कमजोर माथि थिचोमिचो र अन्याय गरिरहेको देखिन्छ, जसकारण मानिसले जन्मसिद्ध रूपमा लिएर आएका प्राकृतिक र आधारभूत अधिकार शक्तिशालीद्वारा हनन् हुने खतरा बढी रहेको देखिन्छ। वास्तवमा राजनीतिको सर्वोच्च केन्द्रमा मुलुक र जनता नै हुनुपर्ने देखिन्छ । नयाँ परिवर्तन पश्चात् नेपाल केही फरक चरणमा प्रवेश गरेको देखिन्छ । देशको नेतृत्वमा नयाँ अनुहारहरू आएको देखिन्छ। यस परिवर्तनले लक र जेफरसन्ले वकालत गरेजस्तो जनताको जीवन, स्वतन्त्रता, सम्पत्ति र खुसी खोज्ने प्राकृतिक अधिकारको कुनै पनि हालतमा संरक्षण र संवर्द्धन गर्न सक्नुपर्ने देखिन्छ ।*

*गत भदौ २३ र २४ को घटनापश्चात् त्यसै पनि नेपाली जनता आजका दिनसम्म पनि भय र त्रासबाट मुक्त हुन सकिरहेका छैन । उनीहरूको मनोविज्ञान कमजोर भएको देखिन्छ । आन्दोलनका क्रममा जीवन गुमाएकाहरूको परिवार त झनै विक्षिप्त रहेको देखिन्छ । सन्तानका लागि देखेका सपनाहरू सपनामै विलिन भएको देखिन्छ । त्यो भयानक र कहालीलाग्दो दुर्घटना अझै पनि परिवारजनको मस्तिष्कबाट टाढा जान सकेको छैन। नयाँ परिवर्तन पछिको सरकारले यसलाई सम्बोधन गर्न सक्नुपर्छ । नत्र राज्यमाथि जनताको भरोसा टुट्ने देखिन्छ । जनताको भरोसा र स्वीकार्यता टुटेको दिन राज्य मृत समान हुने देखिन्छ, नयाँ परिवर्तनले यस्तो हुन नदेओस् भने आशा छ ।*

# महोत्तरीमा मोटरसाइकल दुर्घटना : महिला र पाँच वर्षीय बालकको मृत्यु,एक घाइते

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १० पुस**

महोत्तरीको बर्दिबास नगरपालिका-५ स्थित ढुङ्गे गढन्ता भित्री सडक खण्डमा आज भएको मोटरसाइकल दुर्घटनामा एक महिला र पाँच वर्षीय बालकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।




जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार दिउँसो करिब १ बजे ढुङ्गे गढन्ताबाट बर्दिबासतर्फ आउँदै गरेको प्रदेश २-०२-००४ प ७६७६ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटनामा परेको हो । दुर्घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी पोस्ट माईस्थानबाट प्रहरी टोली घटनास्थलमा पुगेको थियो । दुर्घटनामा मोटरसाइकल चालक गोविन्द रसाइली बी.के.की श्रीमती बर्दिबास नगरपालिका-१० भालुझोरा निवासी करिब ३५ वर्षीया रश्मी बी.के.को घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। त्यसैगरी दुर्घटनामा मोटरसाइकल चालकका छोरा करिब ३३ वर्षीय सुरेश रसाइलीको दाहिने खुट्टा भाँचिएको छ। उनको अवस्था मध्यम रहेको र बर्दिबासस्थित शुभ स्वास्तिक अस्पतालमा उपचार भइरहेको छ । मोटरसाइकलमा सवार चालकका दाजु रुपेश रसाइलीका छोरा करिब पाँच वर्षीय रोमन रसाइली गम्भीर घाइते भएका थिए । उपचारका क्रममा दिउँसो १:३० बजे बालकको मृत्यु भएको अस्पतालले जनाएको छ । दुर्घटनाग्रस्त मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय बर्दिबासबाट प्रहरी नायब उपरीक्षक विकास बमको कमाण्डमा प्रहरी टोली खटिएको जिल्ला प्रहरीले जनाएको






# उम्मेदवारहरूको नाम सिफारिस



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, १० पुस**

राष्ट्रिय मुक्ति पार्टी नेपाल जिल्ला कार्य समिति सप्तरीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि सप्तरी क्षेत्र नं. २ र ३ मा प्रत्यक्ष तर्फका उम्मेदवारहरूको नाम सिफारिस गरेको छ। जिल्ला कार्य समितिका अनुसार क्षेत्रीय समितिबाट प्राप्त सिफारिसका आधारमा बैठकले उम्मेदवारको नाम टुङ्गो लगाएको हो । पार्टीले क्षेत्र नं. १ र ४ का उम्मेदवार सिफारिस भनेपछि गर्ने जनाएको छ ।

पार्टीले प्रतिनिधिसभा क्षेत्र नं. २ तर्फ राजेन्द्र महतो, केशव झा, संविधानसभा सदस्य महेशप्रसाद यादव र रिणा झालाई उम्मेदवारका रूपमा सिफारिस गरेको छ। त्यसैगरी प्रतिनिधिसभा क्षेत्र नम्बर ३ तर्फ चन्द्रकान्त चौधरी र गजेन्द्रकुमार मण्डलको नाम सिफारिस गरिएको जिल्ला अध्यक्ष दिपेन्द्रकुमार चौधरीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ । मुक्ति पार्टीका अध्यक्ष समेत रहनुभएका महतो सर्लाही जिल्लावासी हुनुहुन्छ । पछिल्लो प्रतिनिधिसभा निर्वाचनमा गृह जिल्लाबाट पराजित हुनुभएका महतोको नाम सप्तरीबाट सिफारिस गरेपछि निकै महत्त्वपूर्ण मानिएको छ ।

## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: खानपानमा समस्या आउने
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: शुभ कार्यको शुरुवात
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भारत-चीन प्रतिस्पर्धाले आकार लिएको विश्व रूपान्तरणको वर्ष 'सन् २०२५'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० पुस**



विश्व सन् २०२५ को अन्तिम सातामा छ । यो विश्व इतिहासमा निर्णायक वर्षका रूपमा स्मरणीय रहने छ। यो वर्षले विश्व राजनीतिमा शक्ति सन्तुलनको पुनर्संरचना, युद्ध र शान्तिको द्वन्द्व, आर्थिक अनिश्चितता, जलवायु सङ्कट, प्रविधिगत परिवर्तन र सामाजिक रूपान्तरणलाई एकैसाथ उजागर गरेको छ ।

भारत र चीनजस्ता एसियाली महाशक्तिदेखि अमेरिका, युरोप, मध्यपूर्व र अफ्रिकासम्मका घटनाहरूले विश्वलाई कुनै न कुनै रूपमा प्रभावित पारे । यी परिवर्तनहरूको केन्द्रविन्दु विशेष रूपमा भारत र चीनको उदय, प्रतिस्पर्धा र रणनीतिक चालहरू नै देखियो ।

सन् २०२५ ले २१औं शताब्दीको विश्व राजनीति अब केवल पश्चिमा शक्तिहरूको प्रभावमा सीमित नरहेको स्पष्ट गर्यो। भारत र चीन दुवैले आफ्नो आर्थिक क्षमता, जनसाङ्ख्यिकीय शक्ति, प्रविधि र कूटनीतिक पहुँचमार्फत विश्व व्यवस्थामा निर्णायक भूमिका निर्वाह गर्न थालेका छन् । यही कारणले २०२५ लाई भारत-चीन केन्द्रित विश्व रूपान्तरणको वर्षका रूपमा पनि बुझ्न सकिन्छ ।

# क्रिसमसको अवसर पारेर फिल्म 'मुगलान' प्रदर्शन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० पुस**



आज (बिहीबार) बाट नयाँ फिल्म 'मुगलान' प्रदर्शनमा आएको छ। नेपालमा नयाँ फिल्म रिलिज शुक्रबार गर्ने परम्परा भए पनि चाडपर्व तथा विशेष समय जुनै अन्य बार पनि रिलिज हुने गर्छ। 'मुगलान' क्रिसमसको अवसर पारेर प्रदर्शनमा आएको हो ।

धन कमाउने र सुखी जीवन बिताउने चाहनामा भारत पस्ने कथामा निर्माण भएको फिल्म आशिष ढकालको लेखनले निर्देशन गरेका हुन् । रिहान प्रोडक्सनको ब्यानरमा बनेको फिल्ममा एक युवाले परिवारलाई सुखमा राख्न मजदुरी गर्न भारत पुग्दा कस्तो परिस्थितिको सामना गर्नुपर्छ भनेर देखाउने निर्देशक ढकालले बताए । निर्देशक ढकालका अनुसार 'मुगलान' ले युवाहरूको परदेश सपना, गाउँघरको प्रेम र सङ्घर्षको कथा समेत भनेको छ ।

फिल्ममा प्रभात पाल, स्मारिका ढकाल, श्री शिवांशु, दिनेश डीसी, मोती सुवेदी, रामचन्द्र अधिकारी, खबपु, राजुराज सोनी, रश्मी भट्ट, जीवन गौतम र सबिन बास्तोला लगायतको अभिनय छ । आशिष ढकालको लेखन तथा निर्देशन रहेको फिल्मका निर्माता गोमन सिंह हुन् । रिता चौधरीको प्रोड्युसर रहेको फिल्ममा तारा थापा 'किम्भे' को सम्पादन, जय विष्ट र राम गुरुङको द्वन्द्व र देवेन्द्र कुँवरको कोरियोग्राफी छ ।

# अमेरिकी डलर थप बलियो: आजको विनिमय दर यस्तो छ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० पुस**




नेपाल राष्ट्र बैंकले आजका लागि तोकेको विदेशी विनिमय दर अनुसार अमेरिकी डलरको भाउमा वृद्धि भएको छ। आज १० पुस २०८२ का दिन अमेरिकी डलर एकको खरिददर १४३ रुपैयाँ ३६ पैसा र बिक्रीदर १४३ रुपैयाँ ९६ पैसा कायम भएको छ ।

हिजोको तुलनामा डलरको भाउ २१ पैसाले बढेको देखिन्छ। हिजो बुधबार अमेरिकी डलर एकको खरिददर १४३ रुपैयाँ १५ पैसा र बिक्रीदर १४३ रुपैयाँ ७५ पैसा रहेको थियो । डलरको भाउ लगातार बलियो हुँदा यसले आयातित सामान र सुनचाँदीको मूल्यमा समेत थप चाप पार्ने देखिन्छ ।

युरोपियन युरो एकको खरिदर १६९ रुपैयाँ ०९ पैसा र बिक्रीदर १६९ रुपैयाँ ७९ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १९३ रुपैयाँ ७४ पैसा र बिक्रीदर १९४ रुपैयाँ ५५ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १८२ रुपैयाँ २२ पैसा र बिक्रीदर १८२ रुपैयाँ ९८ पैसा कायम गरिएको छ ।

यस्तै, अष्ट्रेलियन डलर एकको खरिददर ९६ रुपैयाँ २५ पैसा र बिक्रीदर ९६ रुपैयाँ ६५ पैसा, क्यानेडियन डलर एकको खरिदर १०४ रुपैयाँ ८५ पैसा र बिक्रीदर १०५ रुपैयाँ २८ पैसा, सिङ्गापुर डलर एकको खरिददर १११ रुपैयाँ ६९ पैसा र बिक्रीदर ११२ रुपैयाँ १६ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिदर नौ रुपैयाँ २० पैसा र बिक्रीदर नौ रुपैयाँ २३ पैसा, चिनियाँ युआन एकको खरिदर २० रुपैयाँ ४४ पैसा र बिक्रीदर २० रुपैयाँ ५२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ २२ पैसा र बिक्रीदर ३८ रुपैयाँ ३८ पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ ३३ पैसा र बिक्रीदर ३९ रुपैयाँ ४९ पैसा कायम भएको छ ।

# एसेजमा इंग्ल्यान्डको समस्या अझ चर्किंदै

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० पुस**



इंग्ल्यान्डको एसेज सिरिजका लागि अस्ट्रेलिया भ्रमण अझ धेरै समस्यामा परेको छ । चोटका कारण स्टार बलर जोफ्रा आर्चरले सिरिजका बाँकी दुई टेस्ट नखेल्ने भएका छन् । अर्कोतर्फ टिम आफैं मैदानभित्र र बाहिरको समस्याले कठिन स्थितिमा पुगेको हो । ओपनर बेन डकेटले रक्सी पिएर तमासा गरेपछि इंग्लिस टिमलाई गाह्रो भएको हो । पछिल्लो चार वर्ष ३० वर्षीय आर्चर फिटनेससहित अनेक समस्याका टिममा परिरहेका थिएनन् ।

टिममा फर्केयता उनको प्रदर्शन उच्च छ । भारतविरुद्धको सिरिजमा उनले पुनरागगन गरेका थिए । सिरिजका बाँकी दुई टेस्टमध्ये चौथो शुक्रबार मेलबर्नमा सुरु हुनेछ । पाँचौं तथा अन्तिम टेस्ट भने सिड्नीमा जनवरी ४ देखि हुनेछ । पाँच टेस्टको सिरिजमा अस्ट्रेलिया ३-० ले अगाडि छ र यससँगै उसले एसेज सिरिज जितिसकेको छ ।

आर्चर बुधबार मेलबर्न क्रिकेट मैदानमा आयोजित अभ्यासमा उपस्थित थिए । तर, उनी प्रशिक्षणमा सहभागी भएनन् । पछि टिम व्यवस्थापनले उनी अन्तिम दुई टेस्टमा उपस्थित नहुने पुष्टि गरेको थियो । उनले पर्थ, ब्रिसवेन र एडिलेडमा भएको टेस्टमा कुल ८० ओभर बलिङ गरेका थिए । यसक्रममा उनले ९ विकेट पनि लिए ।

इंग्लिस बलरमध्ये उनी सबैभन्दा कम रन खर्चेनेमा एक थिए । एडिलेडमा भएको तेस्रो टेस्टमा उनले पहिलो इनिङ्समा ५३ रनमा ५ विकेट लिएका थिए भने ५० रन पनि जोडेका थिए । अब आर्चरको स्थानमा गुस एटकिन्सनले लिनेछन् ।






# युवाशक्तिको भूमिका : मतदानदेखि नेतृत्वसम्म

-संवत् २००७ देखि गत भदौको २३-२४ सम्म आइपुग्दा नेपालमा जे-जति आन्दोलन भए, ती सबै परिवर्तन एवं समृद्धिकै खातिर भए । राणाशाही विरुद्ध छातीमा गोली थाप्नेदेखि त्यसपछिका हरेकजसो आन्दोलनमा स्वस्फूर्त सहभागी हुनेमा प्रायः युवा जमातकै बाहुल्य थियो । भदौ २३-२४ को आन्दोलनमा पनि युवा पुस्ताको सहभागिता अभूतपूर्व मात्रै रहेन, दर्जनौं युवाले अमूल्य प्राणसमेत उत्सर्ग गरे । वास्तवमा विगतमा सत्तासीनको रवैया वा देशको राजनीतिप्रति चुलिँदै गरेको असन्तुष्टिकै कारण मुलुकमा कुनै न कुनै दिन एउटा जनविद्रोह वा यस्तै आन्दोलन अवश्यम्भावी थियो नै । जेन-जी आन्दोलनको आँधीबेहरी यसैको एक दृष्टान्त हो । युवाहरू परिवर्तनका सम्वाहक हुन्, भोलिका कर्णधार, राष्ट्र निर्माणका स्वप्नद्रष्टा र जागरुक एवं चेतनशील नागरिक पनि । नवीन पुस्ताको गत आन्दोलनको स्वरूपबाट यहाँ सहजै के आकलन गर्न सकिन्छ भने देशमा नयाँ सोच-चेतना भएका, राष्ट्रवादी चिन्तनशील नायकहरू जन्मिँदै छन्, जसबाट युगले कोल्टे फेर्दै छ, जसको पदचाप र घनिभूत ध्वनि सुन्न नेपाली जनता उत्तिकै लालयित छन् । यस अर्थमा देशका लागि अब युवाको जमात स्वयं तात्ने मात्रै नभई जाग्ने, चम्किने, अग्रसरता लिने बेलासमेत आएको छ । यसै प्रसंगमा गीतकार रत्नशमशेरको शब्दमा गायक राजेश पायल राईले गाएको यो राष्ट्रभक्ति गीतको स्मरण गरौं- जाग लम्क चम्क हे नौ जवान हो: आफ्नै ढंगले नयाँ रंगले... भदौको जेन-जी आन्दोलनमा जसरी युवा ताते र जागे, आसन्न निर्वाचनमार्फत देशको राजनीति सही गोरेटोमा डोऱ्याउन, देशलाई समृद्धिको शिखरमा पुऱ्याई परिवर्तनको फड्को मार्न कुनै पनि दलका किन नहोऊन्, युवा पुस्ता जाग्नै पर्ने बेला आएको छ । होइन भने समयले कसैलाई पर्खिंदैन ।

वास्तवमा विगतमा राजनीतिकै कारण देशमा मौलाउँदै गएको नातावाद, कृपावाद, विभेद, कुशासन, भ्रष्टाचारजन्य विकृति र विसंगतिको अन्त्यकै लागि गत भदौमा युवा उभार सडकमा उर्लिएको थियो । जेन-जीले गरेको त्यत्रो उत्सर्ग यथास्थितिमै अर्थात् स्वार्थी पुरातनवादीबाटै राजकाज चलाउन पक्कै थिएन । वास्तवमा युवाको सो उत्सर्ग र सडक आन्दोलन वास्तविक रूपमा त्याग मात्रै नभई नेपाली युवाको एक



साहसिक पाइला पनि थियो । भनिन्छ- प्रत्येक पाइलाले इतिहास लेख्छ, जसको त्याग र उत्सर्ग नेपालको इतिहासमा स्वर्ण अक्षरले लेखिने नै छ । अतः यस पटक देशमा निर्वाचनमय वातावरण बनाउने, निर्वाचनको उत्सव मनाउने मात्रै नभई नयाँ-नयाँ भिजन भएका ऊर्जावान, योग्य एवं इमानदार जमातको प्रतिनिधित्व पनि चयन गर्नुपर्छ ।

अर्थात् मतदानदेखि नेतृत्व चयनसम्मका लागि उपयुक्त माहोल बनाउने दायित्व राष्ट्रवादी युवाकै काँधमा आएको छ । यस पटकको निर्वाचनमा बढीभन्दा बढी उम्मेदवारीको अवसर युवा वर्गलाई नै दिइनुपर्छ, जुन वर्तमानको माग हो । स्मरण रहोस् विगतको निर्वाचनमा ५३ प्रतिशत मतदाता युवा नै रहेको भए पनि दुवै तहको संसद्का लागि मनोनयन गरिएका कुल उम्मेदवारमध्ये २५-४० वर्ष उमेर समूहका उम्मेदवारी संख्या १८५३ (३०.८२ प्रतिशत) मात्रै थियो ।

तर, सन्निकट निर्वाचनमा करिब ५५ प्रतिशत मतदातामा युवा नै रहनेछन् । सो आधारमा महिला-पुरुष दुवै समूहका युवा उम्मेदवारको चयन आधिकारिक संख्यामा गर्न सके परिवर्तित सन्दर्भमा आम मतदातामा समेत नयाँ आशा र भरोसा सञ्चार हुनेछ । आसन्न निर्वाचनमा सक्षम, योग्य, जुझारु, स्वच्छ छविका व्यक्ति चयनका लागि अब युवा पुस्ताले नै अग्रसरता लिनुपर्छ, लिने हिम्मत गर्नुपर्छ, जसका लागि युवाले नै अनुकूल माहोल बनाउन सक्नुपर्छ । चाहे ती युवा जुनसुकै दलका कार्यकर्ता किन नहुन् ! जेन-जी आन्दोलनको मुख्य सन्देश पनि यही थियो । आम मतदाताले अब मतदान गर्दा विगतबाट पाठ सिकेर यो यथार्थतालाई गम्भीरतापूर्वक लिई सुझबुझ अपनाउनु पनि आवश्यक छ ।

कुनै पनि कार्यकर्ता दलका लागि अनुशासित, आज्ञाकारी सिपाही हुन सक्छ । तर, अनुशासनका नाममा 'त्वमशरणम् नै हुनुपर्छ र नेतृत्व तहलाई देवत्वकरण नै गर्नुपर्छ' भन्ने छैन । भोलिका उदयमान तारा, परिवर्तनका सम्वाहक, भविष्यका बिम्ब मानिएका हर युवा-कार्यकर्ताले स्पष्ट भिजनसहित पार्टीभित्र पुरातनवादी, लोभीपापी, स्वार्थी नेतृत्व वा त्यस्ता गुटसमक्ष विमति किन नराख्ने ? दलभित्रको मोनोपोलीको प्रतिवाद किन नगर्ने ? अवसरको असमानता विरुद्ध आवश्यक परे विद्रोह नै किन नगर्ने ? अतः आसन्न निर्वाचनका सन्दर्भमा सुक्न लागेका, मक्किएका हाँगाबिँगा क्रमशः छिमल्दै कतै ऐंजेरु उम्रिएका भए उखेल्नु जरुरी भइसकेको छ ।

साभार : कान्तिपुर ।

## मिथिला बिहारीमा बालिका....................

अभियानमा बल पुग्ने लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले विश्वास व्यक्त गरे ।

लाइफ नेपालले मिथिला बिहारी नगरपालिका सहित लक्ष्मीनियाँ गाउँपालिका, मिथिला नगरपालिकामा पनि बालिका सम्मेलन गरेर बालविवाह मुक्त पालिका घोषणा गर्ने अभियानलाई अघि बढाएको छ । मधेशमा हालसम्म दुई वटा पालिका मात्र बालविवाह मुक्त घोषणा हुन सकेको छ । मिथिला बिहारी लगायत मिथिला र लक्ष्मीनियाँ गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गर्न अभियान तीव्र पारिएको लाइफ नेपालका डाँली शर्माले बताइन् ।

बालिका सम्मेलनमा वडाध्यक्ष सहित १५० किशोरी बालिका, शिक्षक, सुरक्षानिकायका प्रतिनिधिहरु सहभागी थिए । पालिकाबाट ७ बुँदे घोषणा पत्र घोषणा गरिएको थियो ।


## हैजा तथा झाडापखाला लगायत पानीजन्य रोगहरुबाट बच्न स्वस्थ व्यवहार अपनाऔं



अनुरोधकर्ता
स्वास्थ्य कार्यालय धनुषा
मधेश प्रदेश




राम नारायण अयोध्या माध्यमिक विद्यालय
पिपरा–४,महोत्तरी
मधेस प्रदेश,नेपाल

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२।०९।११

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाईको च.नं.– ४०५ मिति २०८२।०९।०७ को प्राप्त पत्र अनुसार यस विद्यालयमा साविक उ.मा.वि.हाल मा.वि.राहत (कक्षा–११ र १२ ) तर्फ शिक्षक पदमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका उम्मेदवारले यो सूचना प्रकाशन भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र तपसिल बमोजिमको विवरण सहित ईच्छुक नेपाली नागरिकबाट दरखास्तको लागि आह्वान गरिएको छ। उक्त मितिभित्र रित नपुगेका वा म्याद नाघी आएको दरखास्त माथि कुनै कारवाही नहुने व्योहोरा सम्बन्धीत सबैमा जानकारी गराइन्छ।

**तपसिल :**

१. विज्ञापन नं.:– ०१–२०८२।०८३
२. तह :– मा.शि. (राहत) कक्षा–११ र १२
३. विषय :– लेखाशास्त्र
४. पद :– संख्या – १ (एक)
५. आवेदन शुल्क :– २१००।–(दुई हजार एक सय मात्र)
६. उमेर :– १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७. तलब :– प्रचलित स्केल बमोजिम
८. शैक्षिक योग्यता :– मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखाशास्त्र विष लिई कम्तिमा दोस्रो श्रेणीमा स्नातकोत्तर तह (M.B.A. वा M.B.S.) उतिर्ण गरेको ।
९. आवश्यक कागजात :– शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि १ प्रति (सबै तहका)।
– नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।
– मा.शि.स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि १ प्रति ।
– हस्त लिखित निवेदन पत्र ।
१०. आवेदन बुझाउने अन्तिम मिति :– २०८२।०९।२४ गते विद्यालय समयमा ।
११. परीक्षा किसिम :– लिखित र मौखिक ( आवश्यक परेमा प्रयोगात्मक पनि हुने छ ।)
१२. सम्पर्क मिति :– २०८२।०९।२५ गते विद्यालय समयमा ।
१३. लिखित परीक्षा :– सम्पर्क मितिमा जानकारी गराइने छ।

**सम्पर्क नं.**– ९८४४०५७६५० (प्र.अ.), ९८१६८१६२०० ( लेखापाल ) ।

प्रधानाध्यापक


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday